# गाउँसभाको बैठकमा सुनापति गाउँपालिका उपाध्यक्ष श्री गीता विष्टद्धारा प्रस्तुत आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम

सुनापति गाउँकार्यपालिकाको कार्यालय

हिलेदेवी, रामेछाप

बागमती प्रदेश

२०७९/०३ /१०

**आदरणीय गाउँसभासदस्यज्यूहरु,**

१. यस गाउँपालिकाको गाउँसभाबाट आ.व.२०७९/८० को नीति तथा कार्यक्रम सार्वजनिक गर्न पाउँदा म गौरवान्वित भएको छु । यस अवसरमा इतिहासका विभिन्न कालखण्डमा भएका , आन्दोलन, शसस्त्र संघर्ष, जनआन्दोलनको क्रममा राष्ट्रका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान् शहीद र विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारी (कोभिड-१९) को संक्रमणबाट ज्यान गुमाउनु हुने सम्पूर्ण नगरिकहरु प्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु । संघीय लोकतान्त्रिक गणतान्त्रात्मक नेपाल निर्माण सम्मको चरणमा आइपुग्दा घाइते तथा वेपत्ता पारिएका व्यक्ति , शहिद परिवार प्रति आजको यस सभा मार्फत गहिरो दुःख र सहानुभूति व्यक्त गर्न चाहान्छु । मुलुकको राजनीतिक , आर्थिक एवं सामाजिक परिवर्तनमा युगान्तकारी रुपमा नेतृत्वदायी भूमिका खेल्नु हुने अग्रज राजनेताहरुप्रति हार्दिक सम्मान प्रकट गर्न चाहान्छु ।

२. लोकतन्त्र र सङ्घीयताको आधारशिलाको रुपमा रहेको स्थानीय तहको निर्वाचन निष्पक्ष र शान्तिपूर्ण रुपमा सम्पन्न गर्न अहोरात्र खटिनु भएका राष्ट्र सेवक कर्मचारी, सुरक्षाकर्मी, पत्राकार, नागिरक समाज लगायत आम मतदाता सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

३. नेपालको राष्ट्रिय हित, आर्थिक, सामाजिक न्याय सहितको लोकतन्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्ध रहँदै समुन्नत सङ्घीय शासन प्रणालीको माध्यमबाट **"समृद्ध र सुखि सुनापतिः कृषि पर्यटन हाम्रो सम्पति"** भन्ने मुल नारालाई सार्थक बनाउन गाउँपालिकाको यस नीति तथा कार्यक्रमले सहयोग पुग्ने विश्वास लिइको छु।

४. नेपालको संविधान, संघ, प्रदेश र सुनापति गाउँपालिकाको आवधिक योजनाले परिलक्षित गरेको विषयहरु, दिगो विकासको लक्ष्य, प्रदेश सरकारको न्यूनतम साझा कार्यक्रम, राजनीतिक दलहरुको चुनावी घोषणापत्र, सङ्घीय सरकारको नीति तथा कार्यक्रम, बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम, राजनीतिक दल र अन्य सरोकारवालाहरुबाट प्राप्त सुझावहरु समेतको आधारमा सुनापति गाउँकार्यपालिकाले यो नीति तथा कार्यक्रम तर्जुमा गरेको छ ।

५. कोभिड-१९ र अन्य महामारीजन्य रोगको प्रकोपलाई नियन्त्रण र रोकथामको लागि आईसोलेसनका साथै औषधीजन्य सामग्रीहरुको समुचित व्यवस्था मिलाईनेछ ।सम्पूर्ण नागरिकलाई कोभिड-१९ रोग विरुद्ध को खोप पूर्ण मात्रा सबै नागरिकमा लगाउने व्यवस्था मिलाईनेछ । अन्य महामारीजन्य रोगको समेत नियन्त्रणका लागि उचित प्रबन्ध मिलाइनेछ ।

६. कोभिड-१९ लगायतका अन्य महामारीजन्य प्रकोप रोकथाम नियन्त्रणमा खटिएका जनशक्तिको लागि कार्यविधि बनाई थप प्रोत्साहन तथा जोखिमभत्ताको व्यवस्था गरिनेछ ।

७. गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नकालागि भौतिक पूर्वाधार तथा आवश्यक औषधी, औजार , उपकरण, स्वास्थ्यकर्मीलाई तालिम र रेफरल कोषको व्यवस्था गरिनेछ ।

८. स्वास्थ्य संस्थामा सुरक्षित प्रसुति सेवालाई गुणस्तरिय र शतप्रतिशत संस्थागत सुत्केरी गराउनका लागि गर्भवतीलाई गर्भवती जाँच, पौष्टिक आहारका लागि प्रोत्साहन भत्ताको व्यवस्था तथा संस्थागत प्रसुति हुनेलाई निशुल्क एम्बुलेन्स उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

९. महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई आफ्नो जिम्मेवारीप्रति उत्तरदायी र जवाफदेही बनाइनेछ ।साथै आफ्नो कार्य क्षेत्रको सरसफाईको जिम्मेवारी समेत प्रदान गरिनेछ ।

१०. महिला स्वास्थ्य स्वयंसेविका क्षमता अभिबृद्धि गर्न पुर्नताजर्गी तालिम , अध्ययन अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ साथै प्रोत्साहन र उत्प्रेरणाको लागि आवश्यक बजेट व्यबस्था गरिनेछ ।

११. पालिका भित्रका सबै दलित नागरिकको लागि निशुल्क स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२. प्रत्येक घरपरिवारलाई स्वास्थ्य बिमा अनिवार्य गराई गाउँपालिकाबाट ५० प्रतिशत अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिई यस वर्ष थप प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ ।

१३. हरेक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच स्थापित गर्न संविधानले दिएको हक, अधिकार अनुसार सेवा उपलब्ध गराउने नीतिगत व्यवस्था गरिनेछ ।

१४. गाउँपालिकाभित्र रहेका सबै स्वास्थ्य संस्थाबाट तोकिए बमोजिमको निशुल्क स्वास्थ्य सेवाहरु प्रदान गर्ने दीर्घकालीन नीति लिईनेछ ।

१५. **"मेरो घर गाउँ स्वस्थः हामी स्वस्थ** " नारा मार्फत स्वास्थ्य सेवालाइ थप प्रवर्धन गर्दै आयुर्वेदिक, प्राकृतिक चिकित्सा, योग तथा ध्यानको माध्यमबाट मानिसलाई दीर्घ जीवनको लागि प्रेरित गरिनेछ ।

१६. समुदायमा सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्नका लागि भौगोलिक विकटता भएका स्थानहरुमा सञ्चालित गाउँघर क्लिनिकलाई सामुदायिक स्वास्थ्य ईकाई र सामुदायिक स्वास्थ्य ईकाइलाई स्वास्थ्य चौकीमा रुपान्तरण गर्न आवश्यक पूर्वाधार सहितको व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्ने नीति लिईने छ।

१७. गर्भवतीलाई निशुल्क भिडियो एक्सरे सेवा, महिलामा पाठेघर क्यान्सरको निशुल्क परिक्षण,निदन उपधार आवश्यकता अनुसार वस्तीवस्तीमा गई गरिनेछ ।

१८. आकस्मिक स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन आवश्यक एम्बुलेन्सको व्यवस्था गरिनेछ। साथै माग तथा आवश्यकताको आधारमा शववाहन सेवा संचालन गरिनेछ ।

१९. शशर्त अनुदानबाट स्वास्थ्य क्षेत्रका कार्यक्रमहरु कार्यतालिका बनाई कार्यान्वयन गरिनेछ ।

२०. गाउँपालिकाको हरेक वडामा विशेषज्ञ सहितको स्वास्थ्य शिविर संचालन गरिनेछ।

२१. सर्ने तथा नसर्ने रोग रोकथामका लागि सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

२२. मुटु, मृगौला, क्यानसर जस्ता गम्भीर रोगीहरुलाई पालिकाले दिंदै आएको सहयोगलाई निरन्तरता दिईनेछ ।

२३. स्वास्थ्य चौकीहरुमा ल्याव तथा फार्मेसि आवश्यकताको आधारमा विस्तार गरिनेछ ।

२४. स्वास्थ्य संस्थाको रेकर्डिङ तथा रिपोर्टिङ अनलाईन गर्न आवश्यक तालिम तथा सामग्रीको व्यवस्थापन गरिनेछ।

२५. पालिकाभित्रका स्वास्थ्य संस्थाहरुको अभिलेख र प्रतिवेदन कार्यलाइ व्यवस्थित गर्न डिजिटल स्वास्थ्य सूचना प्रणाली लाई थप प्रवर्धन गरि निरन्तर्रता दिइनेछ। ।

२६. नागरिक आरोग्य केन्द्रको पूर्वाधार विकास गरि कार्यरत कर्मचारी व्यवस्थापनको लागि उचित प्रबन्ध मिलाईनेछ।

२७. MBBS डाक्टरसहितको Telemedicine/community medicine को व्यवस्था मिलाइनेछ।

२८. जेष्ठ नागरिक, महिला लक्षित स्वास्थ्य कार्यक्रम प्रत्येक वडामा नियमित रुपमा सञ्चालन गरिने ब्यबस्था मिलाइनेछ ।

२९. पालिकाका सबै दलित नागरिक, रातो कार्ड प्राप्त न ागरिक र ७० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरुलाई निःशुल्क स्वास्थ्य वीमा कार्यक्रम निरन्तरता दिइनेछ।

३०. स्वास्थ्य चौकीमा चौविसैघण्टा प्रसुती सेवा उपलब्ध गराउन सबै वडाका स्वास्थ्य चौकी अन्तर्गतको बर्थिङ्ग सेण्टर प्रसूती सेवालाई प्रभावकारी रुपमा संचालन गरिने व्यवस्था मिलाईने छ।

३१. **"ज्येष्ठ नागरिकसंगँ अध्यक्ष कार्यक्रम"** सञ्चालन गरी सत्तरी वर्ष उमेर पूरा भएका जेष्ठ नागरिकहरुलाई आफ्नो पायक पर्ने स्वास्थ्य संस्था मार्फत मधुमेह र उच्च रक्तचापको औषधि घर दैलोमा गई निःशुल्क वितरण गर्ने व्यवस्था मिलाइनेछ साथै ज्येष्ठ नागरिकहरुलाई निशुल्क ल्याब परीक्षणको समेत प्रवन्ध मिलाइनेछ ।

३२. ज्येष्ठ नागरिक र अपाङ्गहरुको लागि घुम्ती स्वास्थ्य शिवर सञ्चालन गरि स्वास्थ्य सेवा पहुँच वृद्धि गराईने व्यवस्था मिलाईने छ।

३३. **"सुत्केरी महिलासँग उपाध्यक्ष कार्यक्रम"** सञ्चालन गरी हरेक सुत्केरी महिलालाई पोषणयुक्त खानेकुरा वितरण गरिने व्यवस्था मिलाईने छ।

३४. मानसिक स्वास्थ्य (सामाजिक स्वास्थ्य) लाई साझा समस्याको रुपमा पैरवी गर्न पालिका स्थरीय अभिमुखीकरण गरी पूर्नस्थापना र मानसिक उपचार कोष व्यवस्था गरिनेछ।

३५. मृगौला प्रत्यारोपण, मृगौला डायलासिस, क्यान्सर र मेरू दण्ड पक्षघातका विरामीहरुको लगत संलगन गरी प्रति व्यक्ति मासिक रु ५०००।- को दरले भत्ता उपलब्ध गराउने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

३६. डाक्टर, ईन्जिनियर अध्ययन गर्न ईच्छा राख्ने क्षमता भएको तर आर्थिक अवस्था कमजोर रहेको गाउँपालिकाभित्रका विपन्न दलित तथा पछाडिपरेको समुदायबाट १ जान एम.वि.वि.एस. (डाक्टर) र १ जना इन्जिनियर अध्ययनको लागि निश्चित प्रतिशत रकम अनुदानको रुपमा उपलब्ध गराई पालिकाको मानव पूँजीको निर्माण गर्ने नीति अवलम्बन गरिनेछ।

३७. सबै पालिकावासीलाई देशभक्त, सभ्य, सुसंस्कृत, योग्य, प्रतिस्पर्धि, उद्यमशील, सीपयुक्त, आत्मविश्वासी र भविष्यप्रति आशावान बनाउने शिक्षा नीति अवलम्वन गरिनेछ।

३८. शिक्षालाई सिपसँग आबद्ध गराई रोजगार मुलक शिक्षा नीति अवलम्बन गरी एक विद्यलय एक उद्यम कार्यक्रम सञ्चालनमा जोडदिईनेछ।

३९. विद्यालय कर्मचारी, लेखापाल र बाल सहजकर्तालाई सङ्घीय सरकारले तोके वमोजिमको सेवा सुविधा उपलब्ध गराई कर्मचारीको मनोबल उच्च राखी गणस्तरीय शिक्षा प्रणालीलाई जोड दिइनेछ।

४०. विद्यार्थी संख्या, सिकाई उपलब्धी, विषयगत आधार र भौगोलिक दुरीका आधारमा शिक्षक दरवन्दी मिलान, सरुवा, विद्यालय मर्ज तथा कर्मचारीको व्यवस्थापन गरिनेछ।

४१. आर्थिक रुपमा विपन्न जेहेन्दार, अपाङ्ग, दलित, टुहुरा बालबालिकालाई छात्रवृति प्रदान गरिनेछ।

४२. पालिकाभित्रका स्थानीय विषयवस्तुलाई समेटेर स्थानीय पाठ्यक्रम (६-८) निर्माण गरिएको पाठ्यक्रमको आधारमा पाठ्यपुस्तक लेखन कार्य गरी यसको प्रभावकारी कार्यन्वयन गरिनेछ।

४३. **पहरी, माझी, ह्याल्मो** लगायतका सिमान्तकृत जातिका वालवालिकालाई शैक्षिक प्रोत्साहन भत्ता उपलब्ध गराइने नीतिलाई निरन्तरता दिइनेछ।

४४. विद्यार्थीको प्रतिभा पहिचान गरी अतिरिक्त क्रियाकलापको विभिन्न शिर्षकमा पालिकास्तरीय प्रतिस्पर्धा गराई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ।

४५. सामुदायिक विद्यालयहरुको मापदण्ड तोकि व्यवस्थापन गर्ने नीति लिइनेछ। साथै विद्यार्थीको विद्यालय छोड्ने दर घटाई नियमितता अभिवृद्धि गर्न आवासीय विद्यालयको सुरुवात गरिनेछ।

४६. कक्षा ५ र कक्षा ८ को पालिकास्तरीय परीक्षा केन्द्र निर्धारण गरी परीक्षा संचालनलाई निरन्तरता दिईनेछ। SEE, कक्षा ११ र १२ को परीक्षालाई व्यवस्थित, मर्यादित र निष्पक्ष बनाउन सरोकार पक्ष सँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

४७. शिक्षालाई प्रविधिमैत्री, वालमैत्री, वातावरण मैत्री तथा अपाङ्ग मैत्री बनाइनेछ। विद्यालयको सम्पूर्ण पक्षको जानकारी दिने गरी स्कुल प्रोफाइल तयार गरिनेछ। अभिलेख व्यवस्थापनलाई चुस्त बना ईनेछ। बालमैत्री वडा र पालिका घोषणा गर्न आवश्यक कार्य गरिनेछ।

४८. उत्कृष्ट विद्यालय, विद्यार्थी र शिक्षक पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ।

४९. शिक्षक, कर्मचारी तथा संचालक समितिको क्षमता विकास गर्न तालिम सञ्चालन गरिने छ। शिक्षासँग सम्वन्धित सरकारी/गैह्रसरकारी संघ संस्था सँग समन्वय तथा सहकार्य गरी विभिन्न लागत साझेदारी कार्यक्रम संचालन गरिनेछ।

५०. विषयगत समिति निर्माण गरि प्रश्न बैङक निर्माण गरिनेछ। शिक्षा सँग सम्बधित योजना बैंक निर्माण गरिनेछ।

५१. "**सुनापतिको इच्छा,समृद्धिको लागि प्राविधिक शिक्षा** " भन्ने नाराका साथ प्राविधिक शिक्षा संचालन भईरहेका विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ।

५२. विद्यालयमा दक्ष, अनुभवी तथा वरिष्ठतम शिक्षकलाई प्रधानध्यापक व्यवस्थापनको लागि शिक्षा ऐन नियामावली अनुसार कार्यसम्पादन करार सम्झौता गरी क्रमशः नेतृत्व प्रदान गरिनेछ।

५३. निरन्तर विद्यार्थी मुल्याङन पद्धतिलाई प्रोत्साहन गर्न घुम्ति परीक्षा संचालन गरिनेछ। विषयगत स्रोत शिक्षक तयार गर्ने आवश्यक नीति लिईनेछ।

५४. विद्यालयको शैक्षिक सुधारका लागि स्वःमुल्याङकन घोषणा कार्यक्रम संचालन गरिनेछ।

५५. गणित/विज्ञान प्रदर्शनीको आयोजना गरिनेछ।

५६. सुनापति गाउँपालिकाभित्रका साहित्य प्रति रुचि राख्ने साहित्य प्रेमीहरुको प्रतीभा उजागर गर्न साहित्यिक प्रतियोगिता सञ्चालन गरि उत्कृष्ट साहित्य सर्जकलाई पुस्कृत गरिनेछ।

५७. वातावरणीय अनुकुलताको लागि **एक विद्यालय एक बगैचा** नीति लिइ हरित विद्यालय निर्माण गर्न जोड दिईनेछ।

५८. **एक विद्यालय, एक नर्स** कार्यक्रमलाई विस्तार गर्न सम्वन्धीत निकायमा समन्वय गरी कार्यान्वयन गरिनेछ।

५९. **"सुनापतिको इच्छा, छोरी बुहारीलाई उच्च शिक्षा"** भन्ने नारालाई सार्थक बनाउन यस गापामा स्थायी बसोबास भएका सामुदायिक तथा सरकारी क्याम्पसमा अध्ययनरत छात्राहरुलाई प्रदेश सरकारको समन्वयमा छात्रावृद्धि प्रदान गरिनेछ ।

६०. विद्यार्थीको उपलब्धीलाई मुख्य आधार बनाएर शिक्षक तथा विद्यालयको मुल्याङ्कन गरिनेछ।

६१. विद्यालयहरु बीच अनुभव आदान प्रदान गरी शिक्षालाई गुणस्तरीय बनाउन वडा स्तरीय एवम् पालिका स्तरीय रूपमा एकीकृत परीक्षा प्रणाली लागू गर्ने नीति लिईनेछ।

६२. विद्यालयहरुबीच अनुभव आदान प्रदन गरी शैक्षिक सुधार गर्नको निम्ती शैक्षिक भ्रमणको व्यवस्था गरिनेछ।

६३. कृषि, स्वास्थ्य, पत्रकारिता तथा प्राविधिक शिक्षा अध्ययनको लागि विशेष अनुदानको व्यवस्था गरिनेछ।

६४. सूचना प्रविधि मैत्री बनाउन प्रत्येक विद्यालयको कम्तीमा एक जना शिक्षकलाई सूचना प्रविधि तालिम दिने व्यवस्था मिलाईने छ।

६५. शिक्षामा गुणस्तर सुधारको लागि बालबिकास सहयोगी एवम् मन्टेस्वरी तालिम सञ्चालन गरिनेछ।

६६. प्रत्येक वडाको एक माध्यमिक विद्यालयमा गणित ल्याब स्थापना गर्ने कार्यलाई निरन्तरता दिइने छ।

६७. यस पालिकाको शैक्षिक विकासको लागि सामाजिक परिचालन र युवा परिचालन द्धारा सामुदायिक विद्यालयहरुमा समावेशी तथा गुणस्तरीय शिक्षा प्रवर्धन परियोजनासँग सहकार्य गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

६८. सुनापतिको भाषा, धर्म, सँस्कृतिको संरक्षण र प्रवद्धन गर्ने नीति अवलम्बन गरिनेछ।

६९. सुनापतिको विभिन्न जातजातीहरुकी मातृ भाषालाई संरक्षण र प्रवद्धन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

७०. सुनापति प्रज्ञा प्रतिष्ठानलाई व्यवस्थित रुपमा अगाडि बढाइने नीति कार्यान्वयनमा ल्याइने छ।

७१. राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई थप व्यवस्थित बनाईनेछ। अध्यक्षकप खेलकुद प्रतियोगिता संचालन गरिनेछ। एक वडा एक खेल मैदान निर्माण कार्यक्रमलाई अगाडी बढाइने छ। साथै फुटसल, कवर्डहल लगायतका खेलकुद पूर्वाधार निर्माण गर्ने कार्यलाई निरन्तरता दिइ स्वास्थ्य लागि खेलकुद भन्ने सोचलाई सार्थक बनाइने छ।

७२. खेल प्रशिक्षकलाई प्रत्येक विद्यालयमा पुग्ने गरी कार्यतालिका बनाई प्रभावकारी ढङ्गले परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

७३. स्थानीय स्काउटलाई सक्रिय बनाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ। विद्यार्थी तथा युवाहरुलाई खेलप्रतिको रुचि जगाउने, खेलाडी पहिचान गर्ने र तालिम दिने सम्बन्धि कार्यक्रम संचालन गरी खेलमैत्रि नीति अवलम्वन गरिनेछ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

७४. सुनापति गाउँपालिकामा कृषिको दिगो, सन्तुलित र व्यवस्थित विकासका लागि कृषि तथा पशुपक्षीं तथ्यांक अध्यावधिक गरिनेछ। कृषकको वर्गीकरण र पहिचान गरी कृषि पेशाको सम्मान गर्दै व्यावसायिक कृषि सेवा प्रदान गरिनेछ। निर्वाहमुखी खेती प्रणालीलाई व्यावसायिक खेति प्रणालीमा रुपान्तरण गरिनेछ।स्थानीय मौलिक ज्ञानको संरक्षण र सम्वर्द्धन गरी कृषकलाई अर्गानिक खेतीतर्फ आकर्षित गरिनेछ।

७५. कृषि विकासका लागी जमिनको खण्डीकरण र बाँझोपना नियन्त्रण गर्न विशेष अभियान संचालन गरिनेछ। साथै कृषि उत्पादन अभिवृद्धिका लागी सिंचाई प्रणाली विकास, कृषिको यान्त्रीकीकरण, आधुनिकीकरण र वैज्ञानिकीकरण, कृषि हाट बजारको संचालन तथा उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालनको व्यवस्था मिलाईने छ।नगदेवालीतर्फ कृषकलाई उत्प्रेरित गरी उत्पादन अभिवृद्धि र बजारीकरणका लागि विशेष पहल गरिने छ।

७६. प्रत्येक वडालाई अलग अलग रुपमा अदुवा, अलैची, किवी, मकै, च्याउ, सुन्तला, बेसार, कागती, टिम्वुर, स्याउ, नासपती, चिया, एभोकाडो, भुइकटर, लप्सी, लगायतका फलफुल र कृषिको पकेट क्षेत्रघोषणा गरी विकास गरिनेछ।

७७. पशुजन्य पदार्थहरुको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न तथा उत्पादन लागत न्यूनीकरण गर्न प्रविधिको प्रयोग, फार्म सुधार र यान्त्रीकीकरणलाई जोड दिइनुका साथै पशुहरुको नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गरिने छ।पशुपालनमा आहाराको सहज पुर्ति गर्नका लागी चक्ला बन्दी घाँस खेति तथा चरण क्षेत्र विकास कार्याक्रम संचालन गरिनेछ।

७८. सुनापति गाउँपालिकाका कृषकहरुलाई स्थानिय स्तरमै पशु तथा कृषि सम्बन्धि सेवा सर्व सुलभ तवरले प्रदान गर्न एक वडा एक पशु तथा कृषि सेवा केन्द्र स्थापना गरिनेछ ।

७९. **"बाझो जमिनको प्रयोग उत्पादनमा सहयोग"** कार्यक्रमलाई निरन्तरता दिइनेछ।बाँजो जमिन राख्ने प्रचलनलाई अन्त्य गरी सामुहिक ब्लक खेती र पशुपालनको कार्यलाई प्रथमिकता दिई सुनापति गाउँपालिकालाई बाख्रा पोकेट क्षेत्र घोषणा गरी कार्यान्वयन गरिनेछ । **"हाम्रो पालिका हामी नै बनाउँछौं"** भन्ने अभियानलाई निरन्तरता दिइनेछ।

८०. **"आफ्नै गाउँमा फर्किउ, आफ्नो गाउँ बनाउँ"** भनि विदेशबाट फर्किएका युवाका लागि कृषिमा प्रोत्साहनका उपायहरु अवलम्बन गरी कार्यान्वयन ल्याइनेछ।

८१. सबै नागरिकलाई खाद्य सुरक्षाको प्रत्याभूती गरी **कोही भोकै पर्दैन भोकले कोही मर्दैन** भन्ने प्रतिवद्धता पूरा गर्न बहुआयमिक कृषि उत्पादनमा जोड दिई पालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाइनेछ।

८२. **"एक घर एक करेसाबारी ", "एक घर एक टनेल"** अभियान सञ्चालन गरी सुनापतिलाई अर्गानिक तरकारी खेतिमा प्रोत्साहन दिई तरकारीमा आत्मनिर्भर बनाउन विशेष अभियान सञ्चालन गरिनेछ।

८३. प्रत्येक वडामा माटो परीक्षण शिविर सञ्चालन गरी हावा पानी सुहाउदो खेती प्रणाली अवलम्बन गर्दै लगिनेछ।

८४. **"एक फलफुलको बोट रु बिस को नोट "** अभियान कार्यक्रम सञ्चालन गरी नयाँ फलपूलको विरुवा रोपन कार्यक्रम सञ्चालन गरी फलफुलमा आत्मनिर्भर तर्फ जोड दिइनेछ।

८५. बिऊ तथा विरुवा वितरण, प्राङगारिक खेती प्रवर्धन, चियाखेती विस्तार कार्यक्रम, अम्रिसो खेती, अदुवा खेती, सिस्नो खेती, फुल खेतीका साथ साथै मोरी पालन कार्यक्रमलाई अनुदान दिइ किसानलाई कृषि पेशामा लाग्न प्रोत्साहन गरिने नीति अवलम्बन गरिनेछ।।

८६. सुनापति गाउँपालिकाभित्रका किसानहरुको सूचीकरण कार्यलाई निरन्तरता दिई वास्तविक किसानहरुको सूची तयार गरी अनुदान प्रणालीलाई व्यवस्थित गरिनेछ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

८७. सामुदायिक पूर्वाधार विकास निर्माण र मर्मतको क्षेत्रमा रोजगारी सृजना गरि सूचीकृत भएका बेरोजगार मध्ये कम्तीमा १०० जना बेरोजगार व्यक्तिहरुलाई रोजगार प्रदान गरिने छ ।

८८. बेरोजगार जनशक्तिको योग्यता, क्षमता र सीप समेत उल्लेख हुने गरी तथ्यांक अध्यावधिक गरिनेछ।

८९. कृषि तथा वन, पर्यटन, पुर्वाधार, सूचना प्रविधि र घरेलु तथा साना उद्योग क्षेत्रलाई रोजगारी स्तभको रुपमा पहिचान एवं विकास गरी रोजगारीका अवसरहरुको बढोत्तरी गरिनेछ ।

९०. श्रम सहकारी मार्फत विभिन्न सीपमुलक तालिम प्रदान गर्नुका साथै श्रमिकहरुलाई मागका आधारमा विभिन्न परियोजना निर्माण , सार्वजनिक पूर्वाधार निर्माण , वातावरण संरक्षण, स्वास्थ्य तथा सरसफाई लगायतका कार्यमा खटाउने व्यवस्था मिलाईनेछ ।

९१. **"श्रमको सम्मान, सुनापतिको अभियान"** कार्यक्रमलाई जनचेतनामुलक , सचेतना अभिवृद्धि लगायतका कार्यहरु गाउँपालिकाले शसक्तढङ्गले अघि बढाउने छ ।

९२. गाउँपालिकाले सञ्चालन गरको कार्यक्रमहरुको बारेमा नागरिकहरुलाई जानकारी दिन र नागरिकहरुलाई सू-सूचित गर्न पालिकाले आफ्नो छुटै रेडियो/एफ.एम. सञ्चालन गरिनेछ।

९३. बेरोजगार व्यक्तिहरुले आफुसँग भएको सोच , सीप र अनु भवका आधारमा स्वरोजगार हुन चाहेमा आवश्यक पर्ने सीप तथा उद्यमशीलता अभिवृद्धि गर्न विशेष उद्यमशीलता तालिम प्रदान गरिनेछ ।

९४. निजी, सरकारी र गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्य गरी ती क्षेत्रहरुमा थप रोजगारीका अवसर सृजना गरिनेछ ।

९५. बाढी, पहिरो, भु–क्षय जस्ता प्राकृतिक प्रकोपजन्य विपद व्यवस्थापनमा द्रु त उद्धार तथा पुनःस्थापना सहयोग पुर्याउने कार्यहरुमा सुचिकृत बेरोजगारलाई प्राथमिकता दिई परिचालन गरिनेछ ।

९६. स्थानीय कच्चा पदार्थ, सिप र मागमा आधारित घरेलु तथा साना, लघु, मझौला उत्पादनमुखी उद्योग तथा व्यवसायलाई प्राथमिकता दिई युवा उद्यमी विकास सम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

९७. कृषि, गैर काष्ठ वन र अन्य प्राकृतिक स्रोत , मौजुदा परम्परागत सिप, लघु वित्त संस्थासँगको सम्बन्ध तथा बजार सम्बन्धलाई उपयोग गर्दै लघु उद्यमहरूको विकास गरिनेछ।

९८. गरिब तथा सीमान्तकृत लक्षित समूह, अति गरिबीको मार खेपिरहेका महिला, दलित, आदिवासी जनजाति, अपाङ्ग तथा द्वन्द्व पीडित युवाहरूलाई सहभागी गराई लघु उद्यम विकास गर्न जुटेका विभिन्न निकायहरू विचको समन्वय र कार्यान्वयन पक्षलाई सशक्त बनाईनेछ ।

९९. मूल्य शृङ्खला अवधारणामा आधारित भएर लघु उद्यम तथा उद्यमीहरूलाई प्रश्रय दिंदै नीति कार्यान्वयनकर्ता र अनुगमन गर्ने निकायहरूको सुदृढीकरण गर्दै लघु उद्यमहरूको स्तरोन्नति गरिनेछ ।

१००. बिक्री गर्न चाहने किसानबाट उत्पादित तरकारी र फलफूल संकलन गरि बजारीकरणको लागि आवश्यक प्रबन्ध मिलाइनेछ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

१०१. लघु उघोग, वाणिज्य तथा साना व्यापार दर्ता, सन्चालन तथा नियमन कार्य कानुन अनुसार प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

१०२. हरेक व्यापार व्यवसाय अनिवार्य रुपमा दर्ता गरेर मात्र सञ्चालन गर्नुपर्ने नीति अवलम्बन गरिनेछ।साथै पसलमा मूल्य सुची राख्न लगाईने छ । गुणस्तरहिन ,म्याद गुज्रेको तथा बढी मूल्य लिई सामान बिक्रीबितरण गर्ने उपर कानुनी कारवाही गरिने छ। यसको लागि चौमासिक रुपमा र ठुला चाडवाडमा बजार, उद्योग व्यवसायको अनुगमन प्रभावकारी रुपमा गरिने छ।

१०३. पशु पन्छी बधगरी मासु प्र शोधन तथा निर्यात गर्ने उद्योग संचालन गर्न को लागि आवश्यक बधशाला निर्माण गरिनेछ ।साथै स्वच्छ मासु बिक्री वितरण गर्न एक वडा एक सुधारीएको मासु पसल अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०४. पशुपन्छी घुम्ती शिविर, पशु कृत्रिम गर्भधान सेवा सञ्चालन, सुधारिएको खोर अनुदान कार्यक्रम, मौसमी घाँसको बिऊ वितरण र पशुपन्छीको औषधी अनुदान एवम् निशुल्क वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

१०५. सुनापतिलाई दुग्ध जन्य पदार्थमा आत्म निर्भर बनाउन दुध डेरी स्थापना र किसान प्रोत्साहान कार्यक्रम सञ्चालन गरि प्रतिलिटर दुधमा अनुदान दिइने व्यवस्था मिलाइनेछ।

१०६. औद्यगिकिरणको लागि उद्यमशिलता बिकास तालिम तथा बिउ पुँजिको व्यवस्था गरिनेछ ।

१०७. श्रमिकको आवश्यकता र उपलब्धताको अनुसन्धान र अभिलेखिकरण गरि अदक्ष तथा अर्धदक्ष श्रमिकहरुलाई आवश्यक तालिमको व्यवस्था मिलाईनेछ ।

१०८. सार्वजनिक,नीजि, सहकारी तथा सामूदायिक साझदारी सम्बन्धी कानुनको व्यवस्था गरी गाँउपालिकाभित्र औद्योगिक ग्राम स्थापना गरी रोजगारीको श्रृजना गरिनेछ ।

१०९. बैदेशिक रोजगारबाट फर्किएका फरक क्षमता भएका ब्यक्ति त था एकल महिला जो श्रम गर्न सक्ने छन् उनिहरुको लागि औद्योगिक ग्राम को स्थापना गरी खाने बस्ने सुबिधा सहितको रोजगारी को व्यवस्था गरिनेछ।

११०. वैदेशीक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन बित्तीय साक्षरता, मनोसामाजिक परामर्श लगायत सचेतना मूलक कार्यक्रमहरु सुरक्षित आप्रवासन परियोजनासँग आवश्यक समन्वय र सहकार्य गरी सञ्चालन गरिनेछ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

१११. जङ्गलमा रहेका पुराना पोखरी पुन्रनिर्माण गरिनेछ ।आवश्यक स्थानमा नयाँ पोखरी निर्माण गरी वर्षाको पानी संकलन गर्ने व्यवस्था मिलाइनेछ ।

११२. भुक्षय रोक्न सक्ने नेपियर, मोलासेस, मुलाटो जस्ता घाँसको खेती उपभोक्ता समिति सँग सहकार्य गरी गरिनेछ ।

११३. गाउँपालिकाबाट कुनै पनि योजना सञ्चालन गर्नु पूर्व वातावरणीय प्रभाव मूल्यांकन गरि स ञ्चालन गरि नीति अवलम्बन गरिनेछ र वातावरणसँग सम्बन्धित आवश्यक कानून समेत निर्माण गरिनेछ।

११४. सामुदायिक, कवुलियती , धार्मिक तथा निजि वन को अभिलेख खडागरी वन अतिक्रम ण हुन नदिन अनुगमन कार्यलाई प्रभावकारी तुल्याईनेछ ।

११५. सामुदायिक वन उप भोक्ता समितिमा रहेका अति विपन्न परिवार तथा कवुलियती वन समूहका कृषकहरुलाई छनौट गरी आय आर्जनको कार्यक्रम संचालन गरिनेछ ।

११६. जैविक विविधताको अध्ययन अनुसन्धान गराई प्राणी तथा बनस्पतिको जानकारी हुनेगरी अभिलेख तयार गरिनेछ ।लोपोन्मुख प्राणी तथा बनस्पतिहरुको संरक्षण र प्रवर्धनसँग सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

११७. सडक संरक्षण गर्न एवम् हरियाली सडक बनाउँन सडक किनारमा प्रकृतिक सौन्दर्य झल्काउने माटो सुहाउँदो विरुवा रोपण कार्यक्रम सञ्चालन गरिनेछ।

११८. गाउँपालिकाको उपयुक्त स्थान छनौट गरी पार्क तथा उद्यान निमार्ण गरिनेछ ।

११९. वन विनाश तथा डढेलो नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

१२०. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

१२१. घटना दर्ता तथा सामाजिक सुरक्षाको दर्ता शत् प्रतिशत पुर्यारउने लक्ष्य अनुरुप घटना दर्ता सप्ताह मनाईनेछ।

१२२. कर्मचारी तथा जनप्रतिनिधिहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन गर्नुका साथै घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमको बारे जानकारी अभिवृद्धि गर्न प्रचार प्रसारका अभियानहरु सञ्चालन गरिनेछ ।

१२३. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई थप गुणस्तरीय बनाउन आधुनिक प्रविधिमा आधारित व्यवस्थापन सूचना प्रणाली मार्फत कार्य गरिनेछ ।

१२४. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई नयाँ परिचयपत्र ( Smart id Card) सबै वडाहरुमा जारी गरिनेछ।

१२५. अनलाईन प्रणाली मार्फत व्यक्तिगत घटना दर्ता गर्नको लागी वडा कार्यालयहरुलाई थप व्यवस्थित गरिनेछ ।

१२६. सुनापति गाउँपालिकाको आ.व.२०७९/८०को लागी कार्यालयमा कार्यरत एम.आई.एस. अपरेटर तथा फिल्ड सहायकहरुको लागी ५०% रकम बराबरको पारिश्रमिक तलब भत्ता पालिकाले मिलाउने प्रतिवद्धता गरिनेछ ।

१२७. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभ ग्राहीहरुलाई सहज, सुविधायुक्त र सम्मानजनक तरिकाले प्रत्येक वडा वडा बाटै भत्ता वितरण गर्ने व्यवस्था मिलाइने छ।

१२८. संघीय लोकतान्त्रि गणतन्त्रात्मक नेपाल निर्माणको चरणमा वेपत्ता पारिएको व्यक्तिको सम्मानको लागि सम्झना योग्य कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट बिनियोजन गरिनेछ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

१२९. प्रत्येक वडा भित्रका पछाडि परेका नागरिकहरुको पहिचान गरी सामाजिक समावेशीकरणको मान्यता बमोजिम सशक्तिकरण गर्न सामुदायिक,सहकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय गरिनेछ।

१३०. जोखिम तथा पारिवारिक हिंसामा परेका महिला , बालबालिका, किशोर किशोरी , अपाङ्ग, अनाथ, टुहुरा बालबालिका लगायत अभिभावक विहिन नागरिकको संरक्षण तथा क्षमता विकास गर्न सामुदायिक र निजी क्षेत्रलाई समेत परिचालन गरी कार्यक्रम निर्माण गरिनेछ।

१३१. पछाडि परेका वर्ग तथा समुदायलाई लक्षित गरी सामाजिक समावेशीकरणको महत्व आवश्यकता र अपरिहार्यताका सम्बन्धमा सचेतनामुलक कार्यक्रमहरु सञ्चा लन गरिनेछ।

१३२. बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत तथा दाइजो प्रथा, बालश्रम , मानव बेचविखन, बोक्सी आरोप जस्ता सामाजिक कुरीति र अन्धविश्वास अन्त्य गर्न/ गराउन सबै वडा कार्यालयहरुलाइ सक्रिय गराइ कार्यक्रम संचालन गरिनेछ।

१३३. सरोकारवाला निकायसँग समन्वय गरी विद्यालय तथा अन्य निकायमा अपाङ्गमैत्री तथा वालमैत्री पूर्वाधार निर्माणलाई अनिवार्य बनाइनेछ।

१३४. महिला हिंसा र क्षमता विकास सम्वन्धि तालिम कार्यक्रमहरु संचालन गरिनेछ।

१३५. गाउँपालिकास्तरीय लैङ्गिक हिंसा निवारण कोष संचालन गरिनेछ।

१३६. अन्तराष्ट्रिय रुपमा मनाउँदै आइएका नारी दिवसलगायतका विभिन्न दिवसिय कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गरिनेछ।

१३७. अपाङ्ग परिचय पत्र नविकरण तथा अपाङ्गको अवस्थालाइ मध्यनजर गरी उनिहरुको सेवा सुविधाको सुनिश्चितता गरिनेछ।

१३८. एकल महिला विशेष कार्यक्रम तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम गरिनेछ।

१३९. दलित सशक्तिकरणको माध्यमबाट छुवाछुतको अन्त्य गरी समावेशी समाजको निर्माणमा जोड दिइनेछ।

१४०. प्रत्येक वडामा रहेका सहकारीहरुको थप संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गरी अनुगमनलाई विशेष जोड दिइनेछ।

१४१. "**सुनपतिका बालक समृद्धिका साहक**" भन्ने यस वर्ष पनि कार्यान्वयनमा ल्याई बालक्लब मार्फत बालबालिका लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१४२. **"सुनापति गाउँपालिकाको सरोकार महिलालाई अधिकार"**र अवसर भन्ने कार्यक्रमलाई निरन्तरता दिई लैङ्गिक समानता समावेशीकरण तथा सामाजिक न्यायको सुनिश्चितता दिने कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१४३. **"सुनापति गाउँपालिकाको कार्यतालिकाः बाल बिवाह मुक्त हाम्रो पालिका"**भन्ने नारालाई निरन्तरता दिइ प्रदेश संघीय सरकारको समन्वयमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिन्छ।

१४४. समाजका अभिभावक ज्येष्ठ नागरिकहरुको सहज र सरल जीवननयापनमा योगदान पुर्या्उन प्रत्येक वडामा ज्येष्ठ नागरिक भलाकुसारी केन्द्र स्थापना गरिनेछ ।

१४५. पालिका स्तरीय सेफ हाउँस निर्माणमा जोड दिइनेछ।

१४६. यस पालिका भित्र बसोबास गर्ने एकल पुरुषलाई प्रदान गरिने एकल पुरुष भत्ता वितरण निरन्तरता दिई ५० वर्ष सम्म विवाहा नगरि आफ्नो जन्म घर बसेका बृद्धा कन्या भत्ता समेतको व्यवस्था गरिनेछ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

१४७. न्यायिक समिति मेलमिलाप केन्द्र संचालन र व्यवस्थापन गरिनेछ ।

१४८. पालिका तथा वस्तीस्तरमा न्याय सम्बन्धि जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ।

१४९. प्रत्येक विद्यालयहरुमा न्याय सम्बन्धि कार्यक्रम गरिने व्यवस्था मिलाइने छ ।

१५०. न्यायिक समितिका पदाधिकारी / मेलमिलाप कर्ताहरुलाई सम्बन्धीत विषयको बिज्ञ ल्याई तालिमको व्यवस्था गरिनेछ ।

१५१. मेलमिलाप केन्द्रहरुको अनुगमन गर्ने कार्यलाइ प्रभावकारी बनाइनेछ ।

१५२. गरिबी , असहाय तथा पिछडिएका व्यक्तिहरुका लागी निशुल्क कानुनी परामर्श तथा सहयोग उपलब्ध गराईनेछ।

१५३. उत्कृष्ट मेलमिलाप कर्तालाई सम्मान गरिनेछ ।

१५४. यस पालिका भित्र शान्ति सुरक्षा कायमको लागि सुरक्षा निकायहरुलाई आवश्यक व्यवस्थानको नीति अवलम्बन गरिनेछ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

१५५. गाउँपालिकाको कर प्रशासनलाई करदातामैत्री बनाउन सोसँग सम्बन्धित क्षेत्रसँग आवश्यक समन्वय गरी करदाता कार्यक्रम सञ्चालन गरिनेछ।

१५६. चालु आ.व २०७९/०८० देखि घरबहाल कर संकलन कार्यलाई अझ सक्रिय रुपमा अघि बढाईनेछ।

१५७. उद्योग व्यसायिक हरुको छाता संगठन उद्योग बाणिज्य संगठन गठन गरी निजि क्षेत्रलाई शसक्त बनाउने नीति लिईनेछ र व्यवसायिक करको दायरा बढाउन उद्योग वाणिज्य संघ सँग सहकार्य गरिनेछ।

१५८. गाउँपालिका क्षेत्रको राजश्व चुहावटलाई नियन्त्रण गर्नको लागि अनुगमन टोली गठन गरी व्यापार व्यवसायहरु दर्ता भए/नभएको अनुगमन गरी करको दायरामा ल्याउने नीति लिइनेछ ।

१५९. नविकरण नभएका व्यापार व्यवसायहरुलाई जरिवाना लगाउने व्यवस्था गरिनेछ।

१६०. कर प्रणालीलाई समसामयिक सुधार गरी कार्यान्वयनमा ल्याइनेछ।

१६१. पर्यटन क्षेत्रबाट हुने आम्दानीको सम्भाव्यता अधिक भएकोले उक्त क्षेत्रलाई प्राथमिकता दिईनेछ ।

१६२. खर्च गर्ने अख्तियारी र खर्चको कार्यविधि स्थानीय सरकार संचालन ऐन एवंम प्रचलित आर्थिक ऐन नियम बमोजिम गरिनेछ ।

१६३. कर संकलन कार्य प्रभावकारी बनाउन सूचना प्रविधि मैत्री नीति अवलम्बन गरिनेछ।

१६४. पालिका अन्तर्गतका सबै वडालाई विद्युतीय सञ्चारसँग आबद्ध हुने अवधारणा Paper Less Governance प्रयोगमा ल्याउने नीति लाई जोड दिईनेछ ।

१६५. राजश्व प्रशासन सम्बन्धि क्षमता विकास तालिम सञ्चालन गरिनेछ। साथै वडा समितिलाई आवश्यकताको आधारमा क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

१६६. गाउँपालिकाबाट प्रत्येक वडाको मुख्य सडकको गाउँ यातायात गुरु योजना अन्तर्गत डि.पि.आर. तयार भएका सडकहरुको स्तरोन्नतीको लागि जोड दिइ आवश्यक मुख्य सडकहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गरि कार्यान्वयनमा ल्याइनेछ।

१६७. सुनापति गाउँपालिकाको पाँचै वटा वडा लाई सडक सञ्जाल भित्र जोडी सुनापति चक्रपथ निर्माणलाई कार्यान्वयनमा ल्याइनेछ।

१६८. सडक बत्ती आवश्यक भएका स्थानहरुको पहिचान गरि **"उज्यालो सडक"** कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ। वैकल्पिक ऊर्जाको उपयोग गरी पालिका कार्यालय वरिपरि आवश्यक स्थानहरुमा सडक बत्ति जडान गरिनेछ।

१६९. वडा कार्यालयहरुको निर्माणधिन भवनलाई पूर्णता दिन प्रदेश र केन्द्रसँग आवश्यक समन्वय गरी पूर्णताको लागि विशेष पहल गरिनेछ।

१७०. पालिकाको भौतिक पूर्वाधारलाई प्रविधिमैत्री, वालमैत्री, वातावरणमैत्री तथा अपांङ्गमैत्रीसहित विकास र विस्तार गर्दै लगिनेछ साथै प्रविधिमैत्री, वालमैत्री, वातावरण मैत्री तथा अपांङ्गमैत्री पालिका घोषणा गरिनेछ।

१७१. बहुबर्षिय ठेक्कामार्फत पालिकास्तरिय १० शैयाको अस्पताल निर्माण भईरहेको हुँदा निर्माण सम्पन्न गरि गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गरिनेछ।

१७२. कार्यालय संचालनका लागि थप स्थायी भवन निर्माणको लागि आवश्यक बजेट व्यवस्थाको लागि सङ्घीय  सरकारलाई अनुरोध गरिनेछ।

१७३. विकास निर्माण कार्यमा हेभिकोटेट मेशीन औजारहरु प्रयोग गरिने छैन ।जिविकोपार्जन अन्तर्गत रोजगारी श्रृर्जना गरिनेछ।

१७४. स्वास्थ्य, कृषि तथा अन्य सार्वजनिक कार्यालयहरुको मर्मत सुधार गरिनेछ।

१७५. गाउँपालिकाको स्थायी भवन निर्माण गर्न केहि जग्गा प्राप्त भएको, प्रयास्त जग्गाको सुनिश्चता संगै निर्माण कार्य प्रारम्भ गरिनेछ।

१७६. समय सिमाभित्र उत्कृष्ट कार्य गरी कार्य सम्पन्न गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गरिनेछ।

१७७. सुकुमवासीलाई जग्गा धनि प्रमाणपुर्जा, परिचयपत्र वितरण गरिने प्रबन्ध मिलाइनेछ साथै भुमिहिनको लागि आवास निर्माण गर्ने निति लिइनेछ।

१७८. आकाशे पानी संकलन तथा रिजर्भ ट्याङ्की निर्माणलाई निरन्तरता दिइनेछ। पिउने पानीको शुद्धता परीक्षण गर्ने कार्यलाई नियमित तुल्याइनेछ।

१७९. भूमी बैंकको स्थापना गर्नेकार्य अगाडी बढाइनेछ ।

१८०. साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जाको सम्भाव्यता अध्ययन गरी आवश्यक कार्य अगाडी बढाइनेछ ।

१८१. **एक घर एक धारा** अभियानलाई निरन्तरता दिदै अभियान सञ्चालन गरी सुनापतिका प्रत्येक घरमा **"एक घर एक धारा"** अनिवार्य हुने गरी स्वच्छ र नियमित खानेपानि आपुर्ति गर्ने कार्यक्रमलाई निरन्तरता दिई कार्यान्वयन गरिनेछ।

१८२. प्रदेश सरकार र संघीय सरकासँग आवश्यक समन्वय गरि पालिका भित्रका सबै मुख्य-मुख्य सडकहरु आगामी पाँच वर्ष भित्र कालोपत्रे योजनालाई प्राथमिकतामा राखिनेछ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु,**

१८३. नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा बिषयगत समितिलाई सकृय बनाई समष्टिगत कार्यक्रम तर्जुमा गरिनेछ। यसबाट कार्यक्रमको अपनत्वमा वृद्धि गर्दै लगिने छ।

१८४. संघ र प्रदेश सरकारबाट प्राप्त बजेट विषयगत क्षेत्र बमोजिम सन्तुलित रुपमा दक्षतापूर्वक बाँडफाडँ गर्ने परिपाटी बसालिनेछ ।

१८५. योजना छनौट गर्दा यथासम्भव आवधिक योजना, संघ र प्रदेशको मार्गदर्शन एवं विगतको अनुभव, वडाको माग, प्राथामिकता र नागरिकहरुको अपेक्षालाई मध्यनजर गरिनेछ ।

१८६. पचासलाख भन्दा बढीको योजनाहरुको यथासम्भव डि.पि.आर तयार गरी सोहि आधारमा छनौट एवं कार्यन्वयन गरिनेछ ।

१८७. समपूरक कोषबाट सञ्चालन हुने कार्यक्रमलाई बहुबार्षिय बजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ। यसले केन्द्र र प्रदेशबाट प्राप्त वजेट फिर्ता हुनबाट रोकिनेछ ।

१८८. उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजना र कार्यक्रमहरुमा महिला, युवा तथा अपाङ्गता भएका व्यक्तिहरुको नेतृत्वदायी भूमिकालाई प्राथमिकता दिइनेछ।

१८९. उपभोक्ता समितीहरुलाई तालिम तथा गोष्ठीको माध्यमबाट क्षमता विकासको अवसर प्रदान गरिने ।

१९०. योजनाको लागत इष्टिमेट, सम्झौता र कार्यादेश यथासम्भव प्रथम चौमासिक अवधिमा गरिनेछ।

१९१. उपभोक्ता समितिको कार्यविधि पूर्ण कार्यान्वयन गरी स्रोतसाधनको दुरुपयोग हुनबाट रोक्न प्रभावकारी अनुगमन प्रणाली अवलम्बन गरिनेछ ।

१९२. उपभोक्ताहरुबाट श्रमको योगदान भए नभएको यकिन गरिनेछ। योजना फछ्यौट गर्दा उपभोक्ताहरुको वास्तविक श्रम योगदान नभएका योजनाहरु फछ्यौट गरिनेछैन।

१९३. सडकको लागत इष्टिमेट तयार गर्दा यथासम्भव ढल सहितको इष्टिमेट तयार गरिनेछ ।

१९४. वडाहरुमा संचालित योजनाहरुको समन्वय, सुपरिवेक्षण तथा अनुगमनमा पूर्णरुपमा वडालाई जिम्मेवार बनाइनेछ।

१९५. अध्यक्ष टोल-टोल कार्यक्रम र उपाध्यक्षसँग जनता कार्यक्रमलाई निरन्तरता दिई जनताको मागलाई अध्यक्ष/उपाध्यक्षले प्रत्यक्ष रुपमा सम्बोधन गर्न उक्त कोषलाई थप रुकम विनियोजन गरि सञ्चालन गरिनेछ ।

१९६. पूर्व तयारी नभएका आयोजना तथा कार्यक्रममा बजेट छुट्याउने कार्यलाई निरुत्साहित गरिनेछ।

१९७. विनियोजित रकम सोहि शिर्षकमा खर्च गरिने अनिवार्य व्यवस्था गरिनेछ । साथै योजनाहरुमा दोहोरो भुक्तानि नहुने हिसाबले संघ तथा प्रदेशसँग समन्वय र सहकार्य गरिनेछ ।

१९८. टुक्रे तथा छरिएका योजनाहरुमा रकम विनियोजन गर्ने कार्यलाई निरुत्साहित गर्न पाँच लाख भन्दा कमको बजेट विनियोजन नगरी नतिजा देखिने योजनाहरुमा बजेट बिनियोजन गर्ने नीति अवलम्बन गरिनेछ ।

१९९. गाउँपालिकाभित्रका सडकहरु विना अवरोध नियमित रूपमा सञ्चालन गर्नको लागि सडक हेरालुको व्यवस्था गरिनेछ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु,**

२००. गाउँपालिका भित्रका विभिन्न धार्मिक, संस्कृतिक, मठ मन्दिर, गुम्बा, गुफा, ऐतिहासिक स्थल, सास्कृतिक सम्पदाहरुको पहिचान, संरक्षण, प्रर्वधनका लागि एकीकृत धार्मिक पर्यटनको विकास गर्न सम्भाव्यता अध्ययन तथा पर्यटकीय एकीकृत गुरुयोजना तयार गरिनेछ।

२०१. माझी, तामाङ, नेवार, क्षेत्री, बाहुन, मगर,ह्याल्मो र पहरी लगायतका जातिको भाषा, धर्म, भेषभूषा, चाड पर्व, जनजीवन झल्कने संग्रहालय निर्माण गरी पर्यटक आकर्षित गरिनेछ। यसबाट निश्चित पर्यटन शुल्क लिने व्यवस्था समेत मिलाइनेछ।

२०२. पर्यटन विकासमा निजी, गैर सरकारी, सहकारी क्षेत्रको लगानी आकर्षित गर्न लागत सहभागितालाई प्रोत्साहन गरिनेछ। सम्भावित क्षेत्रमा पिकनिक स्पोर्ट, पार्क तथा होमस्टे संचालन जस्ता कार्य गर्न आवश्यक प्रकृया अगाडि बढाइनेछ।

२०३. सुनापति पर्यटकीय क्षेत्र साझेदारी कार्यक्रमलाई समयमै सम्पन्न गर्न आवश्यक समन्वय गरी कार्य गरिनेछ।

२०४. **"पानीघाट क्रान्तिको मुहानः सुनापतिको गौरव र शान"**पानीघाट शहिद स्मारक र सो वरिपरीको क्षेत्रलाई अध्ययन अनुसन्धान र युद्ध पर्यटकीय स्थलका रुपमा विकास गरी यस गाउँपालिकाको गौरबमय पर्यटकीय केन्द्रको रुपमा विकास गर्दै लगिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु,**

२०५. कानून बमोजिम कृषि, वचत तथा ऋण, बहुउद्देयीय, पर्यटन र अन्य सहकारी संस्था दर्ता गर्ने प्रकृया अघि बढाइनेछ साथै सहकारीको माध्यमबाट गरिबी न्यूनिकरण गरिनेछ।

२०६. सहकारी मार्फत सानो पूँजी संकलन गरी उत्पादनमा जोड दिइनेछ । महिला तथा कृषि सहकारी संस्थालाई अनुदान दिने नीति अवलम्बन गरिनेछ ।

२०७. वचत तथा ऋण सहकारी संस्थाहरु एकीकृत गरी तीनको अनुगमन, नियमन र सुपरीवेक्षण गरिनेछ साथै सहकारी ऐनलाई समयानुकुल परिमार्जन गरिनेछ।

२०८. महिला सहकारी तथा अन्य व्यापार व्यवसाय गर्नेलाई उपभोक्ता मार्फत सुपथ मूल्य पसल तथा **पैचो पसल** खोल्न प्रोत्साहन गरिनेछ ।

२०९. सहकारीको अभिमूखिकरण तथा क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

२१०. राम्रो काम गर्ने सहकारीलाई प्रोत्साहन, निष्कृय रहेकालाई सकृय बनाउन सहयोग र अत्यन्तै निष्कृय सहकारीलाई आवश्यक प्रक्रियाका आधारमा खारेज गर्ने निति लिइनेछ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु,**

२११. सदाचारयुक्त संस्कृति निर्माण गर्न पालिका तथा वडाहरुबाट प्रदान गरिने सेवा तथा विकास निर्माणका काममा अनिवार्य रुपामा सार्वजनिक सुनुवाई र सार्वजनिक लेखापरीक्षण गरिनेछ ।

२१२. आय र व्ययको स्थिति तत्काल जानकारी पाउन सुत्र प्रयोग गर्ने लेखाप्रणालीलाई व्यवस्थित गरिनेछ।

२१३. पाँच लाख सम्मका योजनाहरुको सम्झौता, कार्यदिशा, अनुगमन, सिफारिस वडाबाट र सो भन्दा बढी पालिकाबाट गर्ने व्यवस्था मिलाइनेछ। सबै प्रकारका योजनाहरुको अनुगमन वडा तथा पालिकाले संयुक्त रुपमा गर्ने व्यवस्था मिलाइनेछ।

२१४. पालिकाभित्र कार्य गर्न आउने गै.स.स.ले अनुमति लिएर मात्र काम कारवाही अगाडि बढाउने व्यवस्था मिलाइनेछ ।साथै पालिकासँग सहकार्य गरेर काम गर्न इच्छुक गैर सहकारी संस्थाहरुको कार्यक्रम पालिकाको वर्षिक कार्यक्रम तथा योजनामा समावेश गरेर मात्र सञ्चालन गराउने व्यवस्था मिलाईने छ।

२१५. गै.स.स.हरुको कार्यमा दोहोरोपन आउन नदिन प्रभावकारी समन्वय र अनुगमन गरिनेछ ।

२१६. कर्मचारीको क्षमता अभिवृद्ध गर्न क्षमता विकास तालिमको व्यवस्था गरिनेछ।

२१७. गाँउपालिका केन्द्रमा कार्यरत कर्मचारीहरुलाई उपयुक्त समय मिलाई वर्षमा एक पटक अन्य स्थानीय तह, सरकारी निकायबाट भएका विकास निर्माणको गतिविधि, सार्वजनिक सेवा प्रवाहको अवस्थाको अनुभव हासिल गर्न ७ (सात) दिन सम्मको अवलोकन भ्रमणको व्यवस्था मिलाईने छ।

२१८. कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गर्न तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी कार्यदक्षता बढाइनेछ।वडा तथा पालिकास्तरीय उत्कृष्ट कर्मचारी पहिचान गरी पुरस्कृत गरिनेछ।

२१९. आगामी दिनमा विद्यालय, स्वास्थ्य, सहकारी संस्था तथा अन्य सरकारी निकायहरुको मूल्यांकन गरी उत्कृष्टलाई सम्मान गर्ने परम्परा बसालिनेछ।

२२०. कर्मचारीको ज्ञान, सिप तथा क्षमता विकासको लागि विभिन्न तालिम तथा प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिनेछ।

२२१. कर्मचारीहरुलाई अनुभव आदान-प्रदान गर्न अन्तर-प्रदेश स्तरीय कार्य सम्पादनको सम्पूर्ण सूचकमा उत्कृष्ट रहेको अवलोकनको व्यवस्था मिलाइने छ।

२२२. यस पालिका भित्र बसोबास गर्ने सार्वजनिक सेवा प्रति झुकाव राख्ने व्यक्तिहरुको लागि लोकसेवा तथा शिक्षक सेवा आयोगको र पत्रकारिता तयारी कक्षा संचालन गर्ने व्यवस्था मिलाइनेछ।

२२३. पालिका कार्यालयमा अत्यवश्यक पुस्तकहरु सहितको पुस्ताकालय स्थापना गरिनेछ ।

२२४. पालिकाको प्रत्येक महिनाको आय व्ययको खर्च सार्वजनिक गर्ने परिपाटी बसालिनेछ ।

२२५. पालिकाले हप्ताभरिमा गरेको कार्यको संक्षिप्त विवरण एफ. एम. मार्फत प्रशारण गरी पारदर्शिता प्रबर्द्धन गरिनेछ ।

२२६. गाउँ-प्रहरीको संख्यामा आवश्यकता अनुसार बढाइदै लगिनेछ ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु,**

२२७. आगामी वर्षदेखि गाउँपालिका सबै कार्यालयहरुमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली लागु गरी कागजको प्रयोग क्रमशः कम गरिदै लगिने नीति अविलम्बन गरिनेछ।

२२८. सेवाको वरिपरि जनता होइन जनताको वरिपरि सेवा हुनुपनर्छ भन्ने मुल मर्मका साथ जनताको घर दैलोमा एकीकृत घुम्ती सेवा सञ्चालन गरिनेछ।

२२९. सार्वजनिक सेवा प्रवाहमा नागरिकको सरल र सहज पहुँच वृद्धि गर्न आधुनिक सूचना प्रविधिको प्रयोग वृद्धि गरिनेछ।

२३०. गाउँपालिकाको तथ्याङ्क अध्यवधिक गर्न डिजिटल डाटा संकलन गरिनेछ। वडा स्तरको धार्मिक, सास्कृतिक,भौगोलिक वृतचित्र निर्माण गरी डिजिटल मार्केटिङलाई तीव्रता दिइनेछ। ज्ञान प्रवर्धक तथा जनचेतनामूलककार्यक्रम निर्माण तथा प्रसारण गर्न आवश्यक प्रबन्ध मिलाइनेछ। सार्वजनिक स्थानहरुमा सि.सि. क्यामरा जडानलाईनिरन्तरता दिइनेछ ।

२३१. गाउँपालिका अन्तर्गतको सबै विद्यालयहरु , स्वास्थ्य चौकीहरु र वडा कार्यालयहरुमा २ वर्षसम्म निःशुल्क ईन्टरनेट सेवा उपलब्ध भएको कुरा सबैलाई जानकार नै छ । सामुदायिक विद्यालयहरुमा समान गुणस्तरको शिक्षा उपलब्ध गराउन सूचना प्रविधिको प्रयोग गरिनेछ।

२३२. सूचना प्रविधिको सुरक्षित प्रयोगको लागि साईबर सुरक्षा प्रणाली लागु गर्दै डिजिटल साक्षरता कार्यक्रमलाई जोड दिईनेछ ।

२३३. पालिकाबाट विद्यालय स्तरीय र स्वास्थ्य संस्था स्तरीय एकीकृत अभिमुखीकरण कार्यक्रम सञ्चालन गरि नागरिक सु-सुचित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु,**

२३४. पालिकाभित्र उत्पादन र उत्पादकत्व वृद्धि, गुणस्तरीय जनशक्तिको परिचालन र रोजगारी सृजनामार्फत समाजमा विद्यमान गरिबी र असमानताहरुलाई न्यूनीकरण गदै सामाजिक न्यायसहितको आर्थिक समृद्धि हाँसिल गर्न यो नीति तथा कार्यक्रम सहयोगी हुने विश्वास लिएकोछु।

२३५. यस पालिकाबाट सबै प्रदेश सरकारहरु र संघीय सरकारबीच सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रही कार्यहरु सम्पादन गरिनेछ ।

२३६. यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको निम्ति सङ्घीय सरकार,प्रदेश सरकार र सरोकारवाला सबैका सक्रिय सहभागिता र सहयोगको अपेक्षा गरेकोछु।

२३७. अन्त्यमा, आर्थिक, सामाजिक, साँस्कृतिक र भौतिक क्षेत्रको दिगो विकास गरि "गरिबीबाट उन्मुक्ति र सुनापतिको समृद्ध गर्न यो नीति तथा कार्यक्रम परिलक्षित रहेको छ।यो नीति तथा कार्यक्रमको कार्यान्वयन यस गाउँपालिकालाई सबैबाट पूर्ण सहयोग हुने विश्वास व्यक्त गर्दछु। गाउँसभाका सदस्यज्यूहरु लगायत सबैलाई स्थानीय कानून निर्माण र पालिकाको विकासमा देखाउनु भएको चासो र सुझावका लागि धन्यवाद दिन चाहान्छु। अन्त्यमा, यस गाउँपालिकाको समग्र विकासमा योगदान पुर्यासउने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, सुरक्षाकर्मी, आमसञ्चार लगायत सम्पूर्ण दिदी बहिनी तथा दाजुभाईहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। धन्यवाद।